# स्थानीय राजपत्र

## भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ०२ संख्याः ४ मितिः २०७६/०८/१९

### भाग-२
### भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## कृषि विकास शाखा वाट अनुदानमा वितरणगर्ने कार्यविधि-२०७६

प्रस्तावना

प्रमाणिकरण मिति २०७६/०८/१७

भानु नगरपालिका कृषि विकाश शाखाको आ.व.२०७६ को स्वीकृत कार्यक्रमहरु संचालन गर्दा वास्तविक कृषक/समुहहरु समक्ष लक्षित कार्यक्रमहरु पुगी कृषि पेशालाई ब्यवसाय उन्मुख र प्रतिस्पर्धी वनाई कृषि क्षेत्रको

उत्पादन र उत्पादकत्व बृद्धि गर्न टेवा पुगोस भन्ने उद्धेश्यले भानु नगरपालिकाद्धारा यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद : १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो विधिको नाम कृषि अनुदान कार्यक्रम वितरण कार्यविधि-२०७६ रहेकोछ ।

१.२ यो कार्यविधि भानु नगरकार्यपालिकाले स्वीकृत भए पछी भानु नगरपालिका भर लागु हुनेछ ।

१.३ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कृषक भन्नाले कृषि बिकास शाखा बाट प्रकाशित सूचना बमोजिम तोकिएको म्यादभित्र रित पूर्वकको निवेदन दर्ता गरी कृषि वस्तु वा सेवा  माग गर्ने व्यक्ति वा एकाघरको परिवारलाइ संझनु पर्दछ ।

ख) कृषक समुह भन्नाले साविक जिल्ला कृषि विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालय वा भानु नगरपालिकामा  नियमानुसार दर्ता भई नविकरण भईरहेको क्रियाशिल कृषक समुहलाइ जनाउँछ ।

ग) फार्म भन्नाले कृषि/पशु विकासका कार्यक्रम संचालन गर्ने उद्धेश्यले भानु नगरपालिकाका विभिन्न वडामा वा साना तथा घरेलु उद्योग विकास समितिमा नियमानुसार दर्ता भएका फार्मलाई संझनु पर्दछ ।

घ) सहकारी संस्था भन्नाले साविक डिभिजन सहकारी कार्यालय वा भानु नगरपालिकामा सहकारी ऐन अनुसार दर्ता भएका कृषि सहकारी संस्थाहरुलाई संझनु पर्दछ ।

ङ) कृषि पेशा भन्नाले मुख्य रुपमा कृषि/पशुजन्य उत्पादन कार्यमा संलग्न पेशालाई जनाउनेछ ।

च) कृषि कार्यक्रम भन्नाले कृषि शाखाका आ.व. २०७६/०७७ को लागि भानु नगर परिषदवाट स्वीकृत कार्यक्रम/क्रियाकलाप लाई जनाउनेछ ।

## परिच्छेद : २

## सञ्चालन हुने मुख्य कार्यक्रम/क्रियाकलापहरु

यस कार्यविधिमा कृषि कार्यक्रम भन्नाले निम्न क्रियाकलापहरुलाई जनाउनेछ ।

१. कृषि यान्त्रीकिकरण भन्नाले ५ देखी २२ हर्ष पावर सम्मका पावर/मिनि टिलर, विद्युतिय मकै छोडाउने मेशिन र कम्वाईन थ्रेसरलाई जनाउनेछ ।

२. फलामे हलो भन्नाले गोरुवाट जोत्न प्रयोग हुने कम्तीमा ४ देखी ८ ईन्चका फलामे हलो र त्यसका नट वोल्ड समेतलाई संझनु पर्दछ ।

३. कृषि औजार सेट भन्नाले आरी, सिकेचर, स्प्रेयर(न्यापसेक,मरुत/हाईमेटिक, फूट र पावर स्प्रेयर), ब्रसकटर,च्यापकटर, खाडल खन्ने मेशिन, फलफूल टिप्न प्रयोग हुने स्टिल/फलामका भऱ्याङ, तरकारी तथा फलफूल राख्ने प्लाष्टिक क्रेट आदिलाई जनाउनेछ ।

४. प्लाष्टिक टनेल भन्नाले ९०-१२० जि.एस.एम.का विभिन्न लम्वाई र चौडाई(५-६×१०-१२ मिटर साईज) का सिलपोलिनलाई जनाउनेछ ।

५. प्लाष्टिक पोखरी भन्नाले पानी संकलन गर्न खनिएका पोखरीमा २००-२५० जि.एस.एम.का विभिन्न मिटर साईजका सिलपोलिनलाई जनाउनेछ ।

६.च्याउको वीउ भन्नाले कन्ये, सिताके वा यस्तै प्रकारका अन्य च्याउको वीउ र वीउ राख्न आवश्यक प्लाष्टिक थैला समेतलाई जनाउनेछ ।

७. मौरीघार/गोला भन्नाले कम्तीमा ३-४ फ्रेम भएको सेरानामौरी राख्ने न्यूटन घार गोला लाई संझनु पर्दछ

८.साना सिंचाई भन्नाले कम्तीमा २० रोपनी क्षेत्रफलमा सामुहिक सिंचाई पुग्ने ईनार, स्प्रीङ्कल, थोपा, लिफ्ट,पाईप, कुलो द्धारा पानी सप्लाई गर्ने कार्यक्रमलाई जनाउनेछ । साना सिंचाइले नयाँ तथा मर्मत दुवै कार्यक्रमलाई जनाउनेछ ।

९. भकारो सुधार भन्नाले कम्तीमा २ वटा पशु वस्तु वस्न पुग्ने स्थानको निर्माण/मर्मत गरी मुत्र संकलन गर्ने खाडल/टंकी वा गोवर छोप्ने छाप्रो बनाउने कार्य लाई जनाउनेछ ।

१०. केरा बगैंचा स्थापना/व्यवस्थापन भन्नाले कम्तीमा ३००-५०० वटा उन्नत/हाईइब्रिड जातका केराका थप विरुवा लगाउने/लगाएका वगानमा उचित व्यवस्थापन गर्ने भन्ने कुरा जनाउनेछ ।

११. एक वडा एक नर्सरी भन्नाले तरकारी उत्पादन गर्न सकिने फलामवाट बनेको स्थायी प्रकृतिको सिलपोलिनको छाना र साईडमा नेट(जाली) राखी बनाईएको मध्यम स्तरिय हाईटेक नर्सरी भन्ने बुझ्नु पर्दछ । यस्तो नर्सरीमा वेमौसमी तरकारी वाली समेत लगाउन सकिने कुरा बुझ्न सकिनेछ ।

१२. तोरी वीउ भन्नाले खास गरी खायन तोरी उत्पादनका लागि प्रयोग हुने विभिन्न जातका उन्नत तोरीको वीउ संझनु पर्दछ ।

१३. केराउ वीउ भन्नाले कांचै कोशा तरकारीको रुपमा प्रयोग गर्न उत्पादन गरिने हाईब्रिड जातको वीउ संझनु पर्दछ ।

१४. आई.पि.एम. कृषक पाठशाला भन्नाले तरकारी वाली अवधिभर १६ हप्ता सम्म चल्ने स्थलगत तालिम लाई बुझ्नु पर्दछ ।

१५.माटो शिविर भन्नाले क्षेत्रीय माटो तथा मलखाद परिक्षण प्रयोगशालाको सहयोगमा आयोजना गरिएको १ देखी २ दिन सम्मको माटो परिक्षण गर्ने शिविरलाई संझनु पर्दछ ।

१६. पुष्प खेती भन्नाले मौसम अनुसारका विभिन्न फूलहरुको वेर्ना उत्पादन गर्ने, उत्पादित वेर्ना/फूलहरु स्थानिय बजारमा विक्री वितरण गर्ने कार्य समेतलाई जनाउनेछ ।

१७. फलफूल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजना संग सहकार्य गर्ने कार्यक्रम भन्नाले उक्त आयोजना र भानु नगरपालिकाको संयुक्त लागत साझेदारीमा संचालन गर्न आ.व..२०७६/७७ मा स्वीकृत भएका क्रियाकलापहरु लाई संझनु पर्दछ ।

१८. स्थलगत घुम्ती तालिम भन्नाले वाली विशेषका १ दिने कृषक तालिमलाई संझनु पर्दछ ।

१९. नगरपालिका स्तर कृषक तालिम भन्नाले खाद्यान्न वाली, तरकारी वाली उत्पादन प्रविधि सम्वन्धि १ देखी बढिमा ३ दिन अवधिका कृषक तालिमलाई संझनु पर्दछ । यस्तो तालिममा नगरपालिकाको प्रतिनिधित्व हुने गरी कृषकहरुको छनौट गरी समावेस गरिनेछ ।

२०. वीउ आलुमा ढुवानी सहयोग भन्नाले कोल्ड स्टोरमा राखिएका वीउ आलुको ढुवानी, लोड/अनलोडमा हुने खर्चलाई संझनु पर्दछ । यस्तो सहयोग श्रोत केन्द्रवाट उत्पादन स्थल सम्म ढुवानी गर्न कृषक/फार्म/समुहले पनि प्राप्त गर्न सक्ने छन् ।

२१. कृषि हाटवजार भन्नाले कृषि जन्य उत्पादनको साप्ताहिक/पाक्षिक/मासिक रुपमा खरिद विक्री गर्ने थलोलाई सम्झनु पर्दछ ।

२२. उत्पादनमा आधारित रहि कृषकलाई अनुदान दिने भन्नाले कृषकले उत्पादन गरेका कृषि उपजहरु विक्री हुन नसकी उत्पादन लागत भन्दा कम मूल्यमा विक्री गर्न वाध्य भई मर्कामा परेका कृषकहरुको उत्पादन लागत र निजले विक्री गरेको बजार मूल्यको अन्तरको आधारमा कृषकहरुलाई नगरपालिका द्धारा क्षतिपूर्ति/राहत सहयोग पुऱ्याउने कार्यलाई सम्झनु पर्दछ । यसको लागि छुट्टै कार्यविधि वनाई कार्यक्रम संचालन गरिनेछ ।

२३. भूमि बैंक सञ्चालन व्यवस्थापन भन्नाले बांझो रहेका जग्गा वा स-साना कित्ताका जग्गालाई एकिकृत गरी वा भाडामा लिई व्यवायिक तवरले तरकारी खेती गर्न ईच्छुक कृषक/फार्म/समुहलाई जग्गाको एकिकरण वा क्लष्टरिङ गर्ने कार्यलाई सम्झनु पर्दछ । यसको लागि छुट्टै कार्यविधि वनाई कार्यक्रम संचालन गरिनेछ ।

२४. कृषक आत्मनिर्भर कोष भन्नाले पूंजीको अभावमा व्यवसायिक खेती गर्न नसकेका साना र मझौला कृषक/फार्म/समुहलाई वीउ पूंजीको रुपमा निर्व्याजी रुपमा वाली अवधि भर ऋृण सहयोग पुऱ्याउने कार्यलाई संझनु पर्दछ । यस्तो कायकमको न.पा.द्धारा छुट्टै कार्यविधि वनाई लागु गर्नेछ ।

२५. जैविक विविधता संरक्षणको लागि सहयोग भन्नाले लोप हुन लागेका लोन्मुख वालीका वीउ संकलन/संचय/खेतीको प्रवर्द्धनमा लागि परेका कृषक/फार्म/समुह/संस्थालाई सो कार्यका लागि पुऱ्याउने सहयोगलाई बुझ्नु पर्दछ ।

२६.उत्कृष्ठ कृषि प्राविधिक/कृषकलाई पुरस्कार  तथा सम्मान गर्ने भन्नाले भानु नगरपालिकामा खटिएका कृषि प्राविधिक/कृषक तथा फार्म र समुहहरु जसले कृषिको उत्पादन र उत्पादकत्व बृद्धि/प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका प्रदान गरे तिनका कार्यको उच्च मूल्याङ्कन गरी पुरस्कार तथा सम्मान गर्ने कार्य भन्ने बुझ्नु पर्दछ ।

परिच्छेद : ३

कार्यक्रम संचालन प्रकृयाको सूचना प्रवाह,  माग संकलन, फिल्ड निरिक्षण र छनौटको प्राथमिकिकरण परिच्छेद २ मा उल्लेखित कृषि कार्यक्रमहरु संचालन/ वितरण गर्दा निम्न बुँदाहरु मा केन्द्रित रहेर कार्यान्वयन गरिनेछ ।

क) सूचना प्रवाह :

१. कृषि विकास शाखावाट कार्यान्वयन हुने मुख्य कार्यक्रमहरु संचालनका लागि शाखाले ३० दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नेछ । यस्तो सूचना नगरपालिकाको सूचना पाटीमा टाँस गर्नेछ । धेरै भन्दा धेरै लाभग्राहीहरु समक्ष उक्त सूचना पुऱ्याउन कृषि शाखा, कृषि सेवा केन्द्र/उपकेन्द्र लगायत हरेक वडा कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँस गरिनेछ । साथै उक्त सूचनालाई न.पा.को वेभ साईडमा समेत राखिनेछ ।

ख) माग संकलन :

१. कृषि विकास शाखा र मातहतका कृषि सेवा केन्द्र/उपकेन्द्रहरु वा वडा कार्यालयमा तोकिएको म्याद भित्र रितपूर्वकको माग/निवेदन कृषक/फार्म/समुह/सहकारी संस्थाहरुले आफ्नो निवेदन दर्ता गराउन सक्नेछन् ।

२. साना सिंचाईको निवेदन शाखा वा कृषि सेवा केन्द्र/उपकेन्द्रवाट राजश्व स्वरुप प्रति निवेदन रु १००/-भुक्तान गरी कृषकहरुले प्राप्त गर्न सक्नेछन् । यस्तो रकम अनुदान प्राप्त भएमा वा नभएमा पनि निवेदकलाई फिर्ता हुने छैन ।

३. साना सिंचाइ वाहेक अन्य वस्तु वा सेवा माग गर्दा कृषकले आफै सामान्य निवेदन लेख्न सक्नेछन ।

४. कृषि सेवा केन्द्र/उपकेन्द्रमा संकलन भएको निवेदनहरुलाई रुजु गरी सो को नाम नामेसी उतार गरी १ प्रति सम्वन्धित वडा कार्यालयमा र १ प्रति कृषि शाखामा निवेदन दिने म्याद सकिएको ३ दिन भित्र निवेदन सहित सम्वन्धित सेवा केन्द्रले न.पा.को कृषि शाखामा पठाई सक्नु पर्नेछ ।

५.कृषि शाखामा प्राप्त भएका निवेदनहरुलाइ पुन रुजु गरी कम्पाईलेसन गर्ने काम शाखाावाट हुनेछ ।

**ग) फिल्ड अवलोकन/निरिक्षण :**

१. सामाग्री/अनुदानका लागि रितपूर्वकको निवेदन/मागपत्र गरेका कृषक/समुहको स्थलगत फिल्ड निरिक्षण गर्न देहाय बमोजिमका ७ जना सदस्य रहेको अनुगमन टोली गठन हुनेछ ।

- संयोजक-कृषि शाखा प्रमुख-१
- सदस्य -प्रमुख प्रशासकिय अधिकृतले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी-१
- सदस्य- कृषि शाखामा कार्यरत १ जना प्राविधिक कर्मचारी-१
- सदस्य- सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि-१
- सदस्य- आर्थिक समिति को संयोजक वा निजले तोकेको १ जना समितिका सदस्य-१
- सदस्य- सम्वन्धित कृषि सेवा केन्द्र/उपकेन्द्रमा कार्यरत १ जन प्राविधिक कर्मचारी-१
- सदस्य-पशु सेवा शाखाका शाखा प्रमुख-१

२. प्राविधिक प्रतिवेदन तयार गर्ने :

- अनुगमन टोलीले निवेदकहरुको स्थलगत फिल्ड निरिक्षण गरी प्रविधिक मूल्याङ्कन तयार गरी नगरपालिकामा पेश गर्नेछ ।
- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहेर वस्तु/सामाग्री/सेवामा अनुदानका लागि अनुगमन टोलीद्धारा पेश भएको मूल्याङ्कनका आधारमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतको स्वीकृत भए पछि कार्यक्रम संचालन हुनेछ ।

**घ) कार्यक्रम छनौटका प्राथमिकरण देहाय अनुसार गरिनेछ ।**

१. व्यवसायिक कृषक/फार्म/समुह/सहकारी
२. कृषक पहिचान/वर्गिकरणमा सम्वन्धित वडा कार्यालयमा दर्ता भएको कृषक समुह
३. आफ्नै लगानीमा व्यवसाय सुरु
४.आवश्यक पूर्वाधारहरुको व्यवस्था भएको/हुन सक्ने अबस्था
५. जनशक्तिको पर्याप्तता भएको
६. व्यवसायिक दक्षता/शीप र तालिम प्राप्त व्यक्ति/संस्था
७. सडक र बजारको पहुँच भएको स्थिति
८. महीला ,अपा□, दलीत, लोपोन्मुखजाती

## परिच्छेद : ४
## कार्यक्रम छनौटका आधारहरु

क) कृषि विकास शाखा

१) कृषि यान्त्रिकिकरणमा सहयोग(५०% अनुदान) :
- व्यवसायिकरणमा टेवा पुग्ने
- कृषि/पशु सेवा कार्यक्रमहरु कम पुगेका क्षेत्रका कृषक/फार्म/समुह/सहकारी
- वाली उत्पादनका विशेष क्षेत्र
- सामुहिक प्रयोग
- गत वर्ष माग संवोधन हुन नसकेको अवस्थाका कृषक/समुह

२) कृषि औजार सेट वितरण (५०% अनुदान) :
- कृषि/पशु सेवा कार्यक्रमहरु कम पुगेका क्षेत्रका कृषक/समुह
- वाली उत्पादनका विशेष क्षेत्र
- सामुहिक प्रयोग
- विस्तारित क्षेत्रफल
- गत वर्ष माग संवोधन हुन नसकेको अवस्थाका कृषक/समुह

३) प्लाष्टिक टनेल(५०% अनुदान) :
- ३ वा सो भन्दा बढिको माग
- ८०० मिटर भन्दा बढि उचाई भएको क्षेत्रवाट आएको माग
- सडक र बजारको पहुँच

- स्थायी संरचना(फलामको फेम) बनाउन चाहने कृषक/समुह

४) प्लाष्टिक पोखरी(५०% अनुदान) :

- विशेष गरी असिंचित क्षेत्र
- वेमौसमी तरकारी उत्पादन क्षेत्र
- व्यवसायिक कृषक/समुह
- सामुहिक प्रयोग
- थोपा सिंचाईको प्रयोग

५.च्याउको वीउ वितरण(५०%अनुदान) :

- व्यवसायिक खेती
- दक्ष जनशक्तिक
- पिछडिएका जनजाती/सिमान्त कृषक

६. मौरीघार(५०%अनुदान) :

- कम्तीमा २ घार मौरी पालिरहेको कृषक
- पर्याप्त चरन भएको क्षेत्र
- कम्तीमा २० वटा मौरी घार/गोला एकै वा समुहगत रुपमा क्लष्टरको रुपमा विकास हुने स्थान
- मौरीपालनमा दक्षता प्राप्त गरेको कृषक

७.साना सिंचाइ कार्यक्रम :

- सामुहिक माग
- चालु आ.व.भित्रै सम्पन्नहुने किसिमका स-साना योजना
- बढि जनसहभागिता जुट्न/जुटाउन सक्ने योजना
- हिउँदे सिंचाइ समेत हुन सक्ने योजना
- बढि भन्दा बढि कृषक लाभान्वित हुन सक्ने योजना
- ब्यवसायिक पकेट भएको/विस्तार हुन सक्ने क्षेत्रको योजना

८. भकारो सुधार अनुदान :

- अपाङ्ग/जनजाती/दलित/पिछडिएका साना र सिमान्तकृत कृषकको माग
- कम्तीमा २ वटा पशु वस्तु भएको कृषक
- भकारो निर्माणमा अनुदानले नपुगहुने रकम आँफै व्यवस्था गरी भकारो निर्माण गर्न सक्ने कृषक
- क्लष्टरमा माग भएको क्षेत्र

९. केरा बगैंचा स्थापना/व्यवस्थापन :

- केरा खेतीको लागि उपयुक्त स्थान
- हिउँदे सिंचाइ उपलब्ध गराउन सक्ने कृषक
- व्यवसायिक रुपमा उन्नत/हाईब्रिड जातका कम्तीमा ३००-५०० वोट केरा लगाईरहेको/लगाउन चाहाने कृषक
- सडक/बजार सम्को पहुँच भएको क्षेत्र

१०. ब्यवसायिक तरकारी उत्पादनका लागि प्रति रोपनी रु १०,०००।०अनुदान दिने :

- कम्तीमा २ रोपनीवा सो भन्दा माथी तरकारी खेती गरिरहेको/खेतीगर्ने कृषक
- बढि भन्दा बढि क्षेत्रफलमा खेतीगर्ने कृषक

- उपयुक्त माटो, सिंचाई, मलखाद र जनशक्ति व्यवस्थापन भएको/हुन सक्ने स्थिति
- सडक र बजारको सुनिष्चितता भएको स्थान
- सामुहिक खेतीमा जोड दिएको

११. प्रस्तावनामा आधारित कृषि कार्यक्रम संचालन गर्न अनुदान दिने :

- कम्तीमा ५ रोपनी र सो भन्दा बढि क्षेत्रफलमा गरिएको/गरिने व्यवसायिक खेती
- दर्ता भएको फार्म/व्यवसायिक कृषक
- पूर्वाधारहरुको विकास भएको/हन सक्ने स्थान
- सडक र बजारको पहुँच भएको
- सामुहिक खेतीमा जोड दिएको

१२.मथि जे सुकै कुरा लेखीएको भएतापनि आबस्यकता अनुसार कुनै क्षेत्रमा ७५% वा १००%सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद : ५
## कार्य संचालन विधिको स्वीकृति र छनौट

१.यो विधि भानु नगरपालिका बाट स्वीकृत भएपछि लागुहेछ । परिच्छेद : ४ ग बमोजिम फिल्ड अनुगमनगरीउपयुक्त कृषक/फार्म/समुह/सहकारीहरु लाई स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि अनुदानकालागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छन् र प्रमुख प्रशासकिय अधिकृतले प्रचलितएन नियम अनुसार स्वीकृत गरेपछी अनुदान उपलब्ध हुनेछ ।
२. कृषि बिकास शाखा संग सम्बन्धित कार्यक्रम सम्बन्धित शाखाको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतको स्वीकृत पछि संचालन हेुछ ।

**<u>संसोधन तथा खारेजी</u>**

यस कार्यबिधि कुनै संसोधन तथा खारेजी गर्नुपर्ने भएमा कार्यपालिकाको बैठकबाट गर्नसकिने छ ।